का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक २२
- ८ फागुन २०७६, बिहीबार
- 20 February 2020, Thursday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक



उत्सवमा प्रधानमन्त्रीः ७०औं प्रजातन्त्र दिवस देशभर विशेष उत्सवका साथ मनाइएको छ । टुँडिखेलमा नेपाली सेनाले विशेष झाँकी सहित आयोजना गरेको समारोहमा राष्ट्रपति, प्रधानमन्त्री, सभामुख लगायत विशिष्ट व्यक्तिहरूलाई निमन्त्रण गरिएको थियो । तस्वीरः रासस

# बढ्यो हिंसा

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सार्वजनिक गरेको तथ्यअनुसार, नेपालमा मानवअधिकारको अवस्था खस्किएको छ । एक वर्षमा ५३० जना महिला तथा बालिका बलात्कृत भएकी छन् भने २९ जनाको हत्या भएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ फागुन

पछिल्लो एक वर्षमा नेपालभर ५ सय ३० जना महिला बलात्कृत भएकी छिन् भने १ सय २९ जना महिलाको परिवारबाटै हत्या भएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले बुधबार सार्वजनिक गरेको तथ्यांक अनुसार सन् २०१९ मा १ सय ४३ महिलामाथि बलात्कारको प्रयास भएको छ । बेचविखन तथा ओसारमा ६९ महिला पीडित भएकी छिन् । बोक्सीको आरोपमा ४२ जना, बहुविवाहमा ३ सय ८३, यौन दुर्व्यवहारमा ६३ महिला पीडित भएकी छन् । घरेलु हिंसामा २ हजार ७९ महिला पीडित भएकी छिन् ।




गत वर्षको तुलनामा यस वर्ष मानव अधिकार उल्लंघन र ज्यादतीका घटनामा बृद्धि भएको प्रतिवेदनले देखाएको छ । तथ्यांकमा २०१८ भन्दा २०१९ मा करिब एक हजार ५३२ घटना बढी भएका छन् । इन्सेकले तयार पारेको अभिलेखअनुसार सन् २०१९ मा मानवअधिकार उल्लंघन र ज्यादतीका घटनामा ६ हजार ६ सय ४२ पीडित भएका इन्सेकका कार्यकारी निर्देशक विनयराज गौतमले जानकारी दिए । उनका अनुसार गत वर्ष सन् २०१८ मा यस्ता घटनामा पाँच हजार १ सय १० पीडित भएका थिए ।

यस वर्ष मानवअधिकार उल्लंघनका घटनामा ६८ महिला र ८६२ पुरुष गरी जम्मा ९३० तथा ज्यादतीका घटनामा पाँच हजार ५८ महिला र ६५४ जना पुरुष गरी जम्मा पाँच हजार ७१२ पीडित भएका छन् । यस वर्ष प्रहरीको गोली लागी भोजपुरमा दुई, सप्तरीमा एक, सर्लाहीमा दुई, रुपन्देहीमा एक र कपिलवस्तुमा एक गरी सातको मृत्यु भएको इन्सेकको अभिलेखमा उल्लेख गरिएको छ ।

यस वर्ष यातनाका घटनामा १३, गिरफ्तारीका घटनामा ७०२, जातीय विभेदका घटनामा ६२, अमानवीय व्यवहारका घटनामा ४०, भेला तथा संगठित हुने अधिकारमा ९८ र धम्कीका घटनामा ३५ तथा कुटपिटका घटनामा २७९ पीडित भएका अभिलेखमा उल्लेख गरिएको छ । यसैगरी, यस वर्ष विस्थापनका घटनामा आठ र बेपत्ता पारिएको घटनामा दुई जना पीडित भएको अभिलेख छ । सन् २०१९ मा महिलामाथि हुने हिंसाका घटनामा तीन हजार ३६४ पीडित भएको अभिलेख भयो । सो घटनामा गत वर्ष दुई हजार ८३४ घटना भएका थिए ।

**असुरक्षित बालबालिका**

इन्सेकका अनुसार अझै पनि धेरै बालबालिका असुरक्षित रहेका छन् । बालश्रम, बालबालिका बेचबिखन तथा ओसारपसार, यौनजन्य हिंसा, शिक्षा र स्वास्थ्यको अवसरबाट वञ्चितीजस्ता बालअधिकार हननबाट बालबालिका पीडित भएको इन्सेकको अभिलेखमा उल्लेख गरिएको छ । यस वर्ष बाल अधिकार उल्लंघनका घटनामा एक हजार ४४७ बालबालिका पीडित भएका छन् । उमेर नपुगी विवाह हुने प्रचलन अझै पनि कायम छ । धेरैजसो बालविवाहका घटना प्रहरीसम्म आइपुग्दैन । विद्यालयमा दिइने शारीरिक दण्डका घटना अभिलेख भएकामा सबैजसो घटना मिलापत्रमा टुंगिने गरेको उल्लेख गरिएको छ ।

**कैदीबन्दी समस्या**

इन्सेकले कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी राखिने र त्यसका कारण सिर्जित समस्या समाधानका लागि सरकारी पहल नभएको पाइएको उल्लेख गरेको छ । इन्सेकका अनुसार महोत्तरीको जलेश्वर कारागारको कैदीबन्दी क्षमता १३५ रहेकामा अहिले ५३२ कैदीबन्दी छन् । देशभरका कारागारको क्षमता ११ हजारको हाराहारीमा भए पनि २३ हजारभन्दा बढी कैदीबन्दी छन् । क्षमताभन्दा बढी राखिएका कैदीबन्दीलाई सुत्न, बस्न, खाना पकाउन, खान, हिँडडुल गर्न, शौचालय जान, नुहाउन तथा खानेपानीका साथै विभिन्न रोगको संक्रमणजस्ता समस्या देखिएका इन्सेकले जनाएको छ ।

# दबावमा गच्छदार

## समायोजनमा तीब्रता



**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ फागुन

कांग्रेस उपसभापति विजय गच्छदारलाई आफ्नो पुरानो पार्टीका नेताहरुबाट दबाब परेपछि एकीकरण प्रक्रियामा तीब्रता दिएका छन् । कांग्रेस र गच्छदार नेतृत्वको नेपाल लोकतान्त्रिक फोरमबीच एकीकरण भएको दुई वर्षभन्दा बढी भइसकेको छ । तर, दुई पार्टीबीच एकीकरण प्रक्रिया टुंगोमा पुगेको छैन । गच्छदार ललिता निवासको जग्गा अनियमिततामा मुछिएपछि पार्टीभित्रैबाट उनी दबाबमा परेका हुन् । गच्छदार विवादमा मुछिएपछि लोकतान्त्रिक फोरम हुँदै कांग्रेसमा प्रवेश गरेका नेताकार्यकर्ताले असुरक्षित महसुस गरेका छन् । एक नेताले गच्छदारलाई एकीकरण प्रक्रिया छिटोभन्दा छिटो टुंग्याउन दबाब दिएको बताए ।

एकीकरणका बाँकी काम टुंगोमा पुऱ्याउन आफू निकटका नेताहरूले दबाब दिएपछि उनले दैनिकजसो बैठक गरिरहेको उनी निकट नेताले जानकारी दिए । यस क्रममा मंगलबार जिल्ला समिति, क्षेत्रीय समिति, महाधिवेशन प्रतिनिधि र विभागहरुको समायोजनका लागि विवरण बुझाएका छन् । स्रोतका अनुसार केन्द्रीय सदस्यमा अहिलेसम्म सहमति हुन सकेको छैन । आफू पक्षको केन्द्रीय सदस्यको टुंगो लगाउने तयारी पनि गच्छदारले गरिरहेको स्रोतको भनाइ छ । पार्टी समायोजन समितिका संयोजक उपसभापति विमलेन्द्र निधि हुन् । निधि नेतृत्वको समितिले समायोजन प्रक्रिया अगाडि बढाए पनि गच्छदारका तर्फबाट नामावली उपलब्ध नहुँदा समायोजन प्रक्रियाले गति लिन सकेको थिएन ।

गच्छदारका तर्फबाट मंगलबार समायोजन समितिलाई बुझाइएको सूचीमा २ सय महासमिति सदस्य, ६ सय महाधिवेशन प्रतिनिधि र २२ जिल्लामा पार्टीले पाएको भागबण्डाका पदाधिकारी र सदस्यको नाम छ । २२ जिल्लाका प्रतिनिधिसभा क्षेत्रीय बाँकी पृष्ठ २ मा

# प्रजातन्त्र दिवसमा छुटे हत्याका दोषी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ फागुन

प्रजातन्त्र दिवसको अवसरमा ३ सय २९ जनालाई आममाफी दिइएको छ । जसमा १० वर्षअघि राजधानीको बबरमहलमा तीन जनाको ज्यान जानेगरी भएको विस्फोटका दोषी पनि छुटेका छन् । प्रजातन्त्र दिवसका अवसरमा दिइने आममाफीमा सरकारले गरेको सिफारिसलाई राष्ट्रपति विद्यादेवी भण्डारीले स्वीकृत गरेकी हुन् । बबरमहल बम बिस्फोटका योजनाकार बुद्धिबहादुर गोलेले आम माफी पाएपछि ८ वर्ष कैद बाँकी हुँदै छुटेका छन् ।

अदालतले गोलेलाई १५ वर्ष जेल सजाय सुनाएको थियो । संयुक्त जातीय मुक्ति मोर्चाले २०६८ फागुन १७ मा गराएको विस्फोटमा कृष्णबहादुर तामाङ, मानबहादुर तामाङ र बीरबहादुरको तामाङको ज्यान गएको थियो । गोले केन्द्रीय कारागारमा थिए। सरकारले ३ सय २९ जना कैदीलाई आममाफी दिएको छ ।

४० प्रतिशत कैद भुक्तान गरेका कैदी आममाफीका लागि योग्य हुन्छन् । असल चालचलनलगायत कतिपय मापदण्डका आधारमा आममाफी दिने गरिन्छ । तर कतिपय गम्भीर मुद्दामा भने आममाफी दिन नमिल्ने कानुनी व्यवस्था छ ।

# खरीपाटीका सबै सुरक्षित

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ फागुन

चीनबाट उद्धार गरी खरिपाटीमा राखिएका सम्पूर्ण नेपालीहरु सुरक्षित रहेका छन् । उनीहरुको स्वास्थ्य परीक्षण गर्दा कोरोना भाइरसको संक्रमण नरहेको पुष्टि भएको हो । घाँटी र नाकको स्वाब नमूना परीक्षणबाट उनीहरुमा भाइरस संक्रमणको कुनै पनि लक्षण नभेटिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । स्वास्थ्य मन्त्रालयका सचिव खगराज बरालले चीनबाट फर्काइएका सबै नेपाली स्वस्थ भएको जानकारी दिए । बुधबार पत्रकार सम्मेलन गरी सचिव बरालले भने, 'उहाँहरुको नमूना परीक्षणको रिपोर्टले कुनै पनि



व्यक्तिमा कोरोनाको लक्षण भेटिएन ।'

गत आइतबार चीनको वुहानबाट १ सय ७५ जना नेपालीलाई उद्धार गरी नेपाल ल्याइएको थियो । उनीहरुलाइ हाल भक्तपुरको खरिपाटीमा तयार गरिएको क्वारेन्टाइनमा राखिएको छ । मन्त्रालयका प्रवक्ता महेन्द्र श्रेष्ठका अनुसार गत ४, ५ र ६ गते राष्ट्रिय प्रयोगशालामा उनीहरुबाट लिइएको नमूना परीक्षण गरिएको हो । आइतबार नेपाल वायुसेवा निगमको विमान चार्टर्ड गरी ल्याइएका १ सय ७५ र चीनका विभिन्न बाँकी पृष्ठ २ मा

## गीतालाई आदर्श मान्ने महानिर्देशकले जाँदाजाँदै भने–

# विभागको निगरानी अब अख्तियारबाट गर्छु

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ फागुन

वैदेशिक रोजगार विभागका निवर्तमान महानिर्देशक डा. भीष्मकुमार भुसालले कम्तीमा ६ महिना विभागका काम कारबाहीलाई आफूले सुक्ष्म रूपमा निगरानी गर्ने बताएका छन् ।

१० महिना विभागको महानिर्देशकका रूपमा बिताएका डा. भुसाल त्यहाँबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोग सरुवा भएका हुन् । विभागका नवनियुक्त महानिर्देशक कुमार दहालले बुधबार भुसालको बिदाइ गरे ।


तर, भुसालले अख्तियार सरुवा भए पनि विभागको निगरानी गर्न नछाड्ने बताए । 'वैदेशिक रोजगार प्रशासनलाई मर्यादित र पारदर्शी बनाउन सुधारका काम थालिएका छन् । त्यसमध्ये वैदेशिक रोजगार सूचना प्रणालीको प्रयोग र त्यसको स्थायित्वको प्रश्न महत्वपूर्ण छ, कम्तीमा आगामी ६ महिना त्यसमाथि मेरो सुक्ष्म नजर रहनेछ,' बिदाइ कार्यक्रममा भुसालले भने ।



महानिर्देशक डा. भुसालले आफ्नो कार्यकालमा विभागका काम-कारबाहीमा धेरै सुधार भएको दाबी पनि गरे । 'मुलुकका अन्य केही बद्नाम सरकारी कार्यालयको सूचीमा विगतमा विभागलाई बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## ताहाचल कार्यालय प्रमुखमा बस्नेत



काठमाडौं/मस-वैदेशिक रोजगार विभागको वैदेशिक रोजगार कार्यालय ताहाचलमा सहसचिव उत्तम बस्नेत नियुक्त भएका छन् ।

कार्यालयका तत्कालीन निमित्त प्रमुख देवेन्द्र कार्की श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सरुवा भई आएपछि रिक्त रहेको उक्त स्थानमा बस्नेत नियुक्त भएका हुन ।

विभागले बुधबार निवर्तमान महानिर्देशक डा. भुसालको बिदाइसँगै बस्नेतलाई स्वागत गरेको छ । बस्नेतले कार्यालयको कामलाई प्रभावकारी बनाउने प्रतिबद्धता जनाए ।

आफ्नो मन्तब्य राख्ने क्रममा बस्नेतले आफुले बाँकी पृष्ठ २ मा



# शिवरात्रिमा पशुपति दर्शनका लागि पाँच स्थानबाट लाइन

काठमाडौं/मस- महाशिवरात्रिका अवसरमा पशुपतिमा दर्शनका लागि पाँच वटा लाइनको व्यवस्था गरिएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । कोषले बुधबार आयोजना गरेको पत्रकार सम्मेलनमा मित्रपार्क तथा गौरीघाट भएर उमाकुण्ड-दक्षिणामूर्ति हुँदै रूद्रगाडेश्वर उत्तरढोका, जयवागेश्वरी-ईंटापाखा भएर भुवनेश्वरीस्थित फलामको सानो ढोका हुँदै पश्चिम ढोका, बत्तीसपुतली-गौशाला तथा एअरपोर्ट-तिलगङ्गा भएर पिङगलास्थान-सुमार्गी भवन हुँदै चार शिवालय-पञ्चदेवल दक्षिण ढोकाबाट एक/एक लाम गरी बाहिरी रुपमा दर्शन गर्ने व्यवस्था मिलाइएको सदस्य सचिव डा प्रदीप ढकालले दिए ।

यसैगरी तिलगङ्गा राममन्दिरतर्फसमेत आवश्यकता अनुसार एक लामको व्यवस्था गर्न सकिने गरी व्यवस्थापन मिलाउन लागिएको उनले बताए । नित्य दर्शनार्थीका लागि बिहान ७ बजे अगावै भुवनेश्वरीस्थित फलामको सानो ढोकाबाट प्रवेशको व्यवस्था मिलाइएको छ । जुन दर्शनमार्गबाट मन्दिर प्राङ्गण प्रवेश गरिन्छ सोहीमार्ग हुँदै मन्दिर प्राङगणबाट बाहिरिने व्यवस्था मिलाइएको छ ।

महाशिवरात्रिमा लाखौंको संख्यामा आउने दर्शनार्थी, भक्तजन र समग्र व्यस्थापनलाई मध्यनजर गरी कोषले संस्कृति, पर्यटन तथा नागरिक उड्ययनमन्त्री एवं कोष सञ्चालक परिषद्का अध्यक्ष योगेशकुमार भट्टराईको संयोजकत्वमा १११ सदस्यीय मूल समिति -२०७६ गठन गरेको छ । यसवर्ष महाशिवरात्रिलाई नेपाल भ्रमण वर्षसँग जोडेर मनाउन मन्त्रीकै अध्यक्षतामा समिति गठन भएको हो ।



यसैगरी सुरक्षा व्यवस्था, आवास, भोजन तथा भौतिक पूर्वाधार, प्रचारप्रसार, साधुसन्त तथा धार्मिक, वातावरण, सरसफाइ तथा जुत्ता चप्पल व्यवस्था, स्वास्थ्य सेवा व्यवस्था, मेला बजार तथा साज सजावट, स्वयंसेवा, दर्शन, चन्दन तथा मन्दिर एवं रात्रिकालीन व्यवस्था, स्वयंसेवा परिचालन एवं अनुगमन, सरकारी निकाय समन्वय, अनुगमन, मूल्यांकन तथा तथ्यांक संकलन उपसमिति गठन गरिएको छ ।

नेपाल प्रहरीको अगुवाइमा सशस्त्र तथा राष्ट्रिय अनुसन्धान विभागका सुरक्षाकर्मी, जनशक्ति मेला अवधिभर परिचालन गरिने छ। सादा पोशाकमा प्रहरी परिचालन गरी मेला क्षेत्रको विशेष अनुगमन गरिने कोषका कोषाध्यक्ष डा मिलनकुमार थापाले बताए ।

**पशुपतिमा पाँच हजार स्वयंसेवक**

नेपाल स्काउट समेतका गरी करिब पाँच हजार स्वयंसेवक परिचालन गरिने कोषले जनाएको छ। दर्शन लाइनको सहजीकरणका लागि मुख्य क्षेत्र बाहिर मात्र स्वयसेवक परिचालित हुनेछन्। पशुपतिनाथको मन्दिर नजिक हुनेगरी मुख्य क्षेत्रमा डाक्टर, नर्स, औषधि र श्यया सहितको नेपाली सेनाको मूल स्वास्थ्यशिविर रहनेछ । महाशिवरात्रिमा ३३ वटा स्वास्थ्यसँग सम्बन्धित संस्थाले सेवा प्रदान गर्नेछन् । त्यसैगरी एम्बुलेन्स र आपत्कालीन अवस्थाका लागि दमकल समेत तयारी अवस्थामा रहने गरी व्यवस्था मिलाइएको छ ।

कोषका सफाइ कर्मचारीबाट गरिने नियमित सरसफाइका अतिरिक्त सेना, प्रहरी, सशस्त्र प्रहरी, स्थानीय तह र स्थानीय स्वयंसेवी संस्थाको सहभागितामा एक हप्ता अघिदेखि विशेष सरसफाइ अभियान सञ्चालन भइरहेको छ ।

**चार ठाउँमा जुत्ता चप्पल**

दर्शन लाइनलाई पायक पारेर कैलाशमुनि रूद्रगाडेश्वर दर्शनमार्ग, भुवनेश्वरी नजिक, बज्रघर दक्षिण तर्फ, राममन्दिर नजिक (बागमतीपारी) गरी चार ठाउँमा जुत्ता चप्पल कक्षको व्यवस्था गरिने छ । दर्शन सकेर बाहिर निस्कने स्थान नजिक मुख्य क्षेत्रभित्र सानो सदावर्त सत्तलअगाडि र बाहिरी क्षेत्रमा उमाकुण्ड, मित्रपार्क, तिलगङ्गा, गौशालामा गरी पाँच ठाउँमा चन्दन वितरणको व्यवस्था मिलाइने छ ।

मन्दिर प्राङ्गणभित्र रात्रिकालीन व्यवस्थासहित कोषको आफ्नै निगरानी र नेतृत्वमा विशेष जनशक्ति परिचालन गरिने सदस्य सचिव ढकालले बताउनुभयो । हंशमण्डप, वनकालीको खुलास्थान, तिलगङ्गाको क्षेत्रलाई आवास क्षेत्र तोकी करिब १०० वटा संघ संस्थाले निःशुल्क भोजन, पानी, चिया वितरणको व्यवस्था हुने जनाइएको छ । साधुसन्तका लागि निःशुल्क भोजन, पानी, चिया र बसोवास समेतको व्यवस्था छ । चिसोबाट बच्नका लागि धुनीको व्यवस्था पनि मिलाइएको छ । महाशिवरात्रि पर्वको पर्सीपल्ट प्रतिपदाका दिन बाटो खर्चसहित साधुसन्तका लागि बिदाइको व्यवस्था कोषले समेत गर्नेछ ।

## राष्ट्रपतिद्वारा महाशिवरात्रिका सामग्री संकल्प

काठमाडौं/मस- राष्ट्रपति विद्यादेवी भण्डारीले महाशिवरात्रिका अवसरमा पशुपतिनाथ दर्शनमा आउने साधुसन्तलाई प्रदान गरिने सामग्रीको संकल्प गरेकी छन् । प्रत्येक वर्ष फाल्गुन कृष्ण त्रयोदशीका दिन मनाइने महाशिवरात्रिमा नेपाल, भारतलगायत विश्वका विभिन्न स्थानबाट पशुपतिनाथमा आउने साधुको बिदाइमा दिइने सामग्री एकादशीका दिन बिहान संकल्प गर्ने परम्परा छ । संकल्पमा लोटा, चम्मर, घण्टी, राडी एक सेट र दक्षिणा समावेश गरिएको गुठी संस्थान पशुपति गोश्वारा कार्यालयका प्रमुख उमा आचार्यले जानकारी दिइन् । संकल्प गरिएको सामग्री मूलसाधुलाई दिने गरिएको छ ।

संस्थानको स्थापना भएदेखि नै महाशिवरात्रिका अवसरमा पशुपतिमा आउने साधुसन्तको धुनी, खाना र बिदाइस्वरुप दक्षिणाको व्यवस्थाको जिम्मेवारी पूरा गर्दै आएको छ। पशुपति क्षेत्रमा आउने साधुसन्तका लागि फाल्गुन कृष्ण एकादशीदेखि औंसीसम्म धुनीका लागि दाउरा, खाना र बिदाइका बेला दक्षिणा दिने परम्परा छ। साधुको बिदाइ औंसीका दिन गरिन्छ। साधुसन्त आ-आफ्नो सम्प्रदाय अनुसारका अखडामा बस्ने गरेका छन्। करिब तीन हजारभन्दा बढी साधुसन्त पशुपतिमा आइसक्नुभएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।

चार सयभन्दा बढी नागाबाबा भने पशुपतिनाथको मूल मन्दिर परिसरमा बस्ने कोषका प्रशासकीय अधिकृत रेवतीरमण अधिकारीले जानकारी दिए। बुधबार बिहानदेखि नै नागाबाबा भने पशुपतिनाथको मूल मन्दिरमा प्रवेश गरेको संस्थानले जनाएको छ। औंसीका दिन बिदाइ नभएसम्म मूल मन्दिरभित्र नै नागाबाबा बस्न पाउने परम्परा समेत छ।

साधुसन्तलाई प्रदान गरिने धुनी, खाना र दक्षिणाको संकल्प एकादशीकै दिन राष्ट्राध्यक्षले गर्ने परम्परा प्राचीन कालदेखि रही आएको छ। यस बाहेक कोषले पनि धुनी, खाना र बिदाइका लागि बेग्लै व्यवस्था गर्छ। कोष स्थापना हुनु अघि संस्थानले सबै व्यवस्था गर्ने गरेको थियो।

## फागुन २३ देखि 'दोस्रो टोखा महोत्सव'



काठमाडौं/मस- धार्मिक, पौराणिक, ऐतिहासिक र सांस्कृतिक महत्व बोकेको टोखामा 'दोस्रो टोखा महोत्सव-२०७६' हुने भएको छ । काठमाडौंको उत्तरी क्षेत्रमा रहेको टोखा नगरपालिकाको आयोजनामा टोखा नगरपालिका-२ र ३ टोखा बजारमा फागुन २३ देखि २५ गतेसम्म महोत्सव आयोजना गर्न लागिएको हो । नगरपालिकाले महोत्सवको तयारीका लागि विभिन्न समिति तथा उपसमिति गठन गरेर प्रचारप्रसारलाई तीव्र पारेको छ । नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले नगरपालिकाभित्रको धार्मिक, ऐतिहासिक, पौराणिक, संस्कृतिलाई आम जनतामाझ परिचित गराउन महोत्सव आयोजना गर्न लागिएको जानकारी दिए ।

'मेलामा स्थानीय कला, संस्कृति, झाँकी, स्थानीय नेवारी खानाको प्रदर्शन गरिनेछ,' उनले भने । नेवाः गुठी टोखाको व्यवस्थापनमा महोत्सव हुन लागेको छ । तीन दिनसम्म चल्ने महोत्सवमा टोखा नगरपालिकामा रहेका सांस्कृतिक तथा धार्मिक धरोहर सम्पदाको पहिचान र त्यसको प्रचारप्रसार गर्ने तथा सरकारले घोषणा गरेको 'नेपाल भ्रमण वर्ष२०२०' लाई सफल पार्ने उद्देश्य राखिएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले महोत्सव सम्पन्न गर्नका लागि चालू आर्थिक वर्षमा रु २५ लाख विनियोजन गरेको छ । महोत्सवमा पाँच लाखले अवलोकन गर्ने लक्ष्य राखिएको छ ।

## 'साक्षरतालाई जीवनपर्यन्त शिक्षासँग जोड्नुपर्छ'



काभ्रे/मस- शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले सिक्ने प्रक्रिया जीवनभर चल्ने भएकाले शिक्षालाई निरन्तर सिकाइको अवधारणासँग जोडेर हेर्नुपर्ने बताएका छन् । उनले साक्षरतालाई जीवनपर्यन्त शिक्षासँग गाँस्नुपर्ने आवश्यकता औंल्याए ।

काभ्रेपलाञ्चोक जिल्लालाई बुधबार पूर्ण साक्षर जिल्ला घोषणा गर्दै मन्त्री पोखरेलले नयाँ ढंगले शिक्षालाई व्यवस्थित गर्दै लानुपर्ने जिम्मा जनप्रतिनिधिमाथि आइपरेको बताए । अहिले सरकारले लिएको लक्ष्य 'समृद्ध नेपाल, सुखी नेपाली'को नारालाई साकार पार्न दक्षजनशक्ति उत्पादन गरेर मात्रै सम्भव हुने भएकाले त्यसतर्फ सिंगो मुलुक केन्द्रित हुनुपर्ने बताए ।

'शिक्षालाई श्रमसँग, श्रमलाई सीपसँग र सीपलाई उत्पादन र रोजगारीसँग जोड्न सकेमात्र समृद्धि सम्भव छ,' मन्त्री पोखरेलले भने, 'प्राविधिक शिक्षा र व्यवहारिक शिक्षालाई व्यापक रूपमा विस्तार गरेर रणनीतिक ढंगले अगाडि बढ्न 'स्किल फर अल'को नीतिमा सरकार अघि बढिरहेको छ ।' उनले साक्षर भइसकेका पनि निरक्षरतर्फ फर्कनसक्ने अवस्थासमेत रहने भएकाले त्यसलाई पनि ध्यान दिन र अबको पुस्तालाई कम्प्युटर शिक्षासँग जोडेर हेर्नसमेत आग्रह गरे ।

जिल्ला साक्षर घोषणा गरिरहँदा अब नेपाल 'डिजिटल लिट्रेसी'तर्फसमेत जानुपर्ने अवस्था रहेकोले बताउँदै मन्त्री पोखरेलले प्रविधिसँग शिक्षालाई जोडेर थप विकासको बाटोमा अघि बढ्न आग्रह गरे । शिक्षा पूर्वाधारको पनि पूर्वाधार भएकाले जनशक्ति निर्माणको क्रमसँगै जोडेर थप विकास गर्न स्थानीय सरकार, जिल्ला समन्वय समिति, प्रदेशसभा सदस्य तथा संघीय सांसदले त्यसतर्फ ध्यान दिन आवश्यक रहेको उनको भनाइ छ ।

कार्यक्रममा संघीय सांसद गंगाबहादुर तामाङले उत्पादन गरेका जनशिक्तलाई व्यवहारिक रुपमा निरन्तरता दिन र पूर्ण साक्षर बनाउन सबैको काँधमा थप जिम्मेवारी आएकोले त्यसलाई पूरा गर्न सबैको हातेमालो आवश्यक रहेको बताए । प्रदेशसभा सदस्य लक्ष्मण लम्सालले शिक्षाको विकासको लागि स्थानीय तह, प्रदेश र संघीय सरकारबीचमा समन्वय र सहकार्य हुन आवश्यक रहेको बताए ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पोखरेलले काभ्रेपलाञ्चोक जिल्ला संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक एवं सांस्कृतिक संगठन( युनेस्को)ले तयार पारेको सूचक पूरा गरी ९६ दशमलब ४८ प्रतिशत साक्षर भइसकेकाले साक्षर काभ्रेपलाञ्चोक जिल्ला घोषणा गरे । राष्ट्रिय जनगणना २०६८ अनुसार १५ वर्षदेखि ६० वर्ष उमेर समूहका तीन लाख ७३ हजार ७२८ जनसंख्यामध्ये आर्थिक वर्ष २०७६/७७ सम्ममा तीन लाख ६० हजार ५६० जनसंख्या साक्षर भएको जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकले जनाएको छ। सो घोषणासँगै काभ्रेपलाञ्चोक जिल्ला देशको ५२औं साक्षर जिल्ला भएको छ ।

यसअघि जिल्लाको मापदण्ड पूरा गरी मण्डनदेउपुर नगरपालिका, खानीखोला गाउँपालिका, धुलिखेल नगरपालिका, बनेपा नगरपालिका, तेमाल गाउँपालिका, भुम्लु गाउँपालिका, पनौती नगरपालिका, बेथानचोक गाउँपालिका, महाभारत गाउँपालिका, नमोबुद्ध नगरपालिका, पाँचखाल नगरपालिका, रोशी गाउँपालिका र चौरीदेउराली गाउँपालिकालाई साक्षर घोषणा गरी आज जिल्लालाई साक्षर घोषणा गरिएको हो ।

### दबावमा...

समितिका पदाधिकारी र सदस्यहरुको नामावली बुझाइएको गच्छदार निकट एवं तत्कालिन नेपाल लोकतान्त्रिक फोरमका नेता कृष्ण दुलालले जानकारी दिए । उनका अनुसार केन्द्रीय सदस्यको टुंगो लाग्न नसकेकाले अहिलेसम्म केन्द्रीय सदस्यको विवरण बुझाइएको छैन । सहमतिअनुसार गच्छदार पक्षले ११ केन्द्रीय सदस्य पाउनेछ ।

### खरीपाटीका...

स्थानबाट आफैं आएका सहित कुल २ सय १० जनाको कोरोना भाइरस संक्रमण रहे/नरहेको परीक्षण गरिएको थियो । सो क्रममा १ जनामा मात्र संक्रमण देखिएको थियो । उनी पनि स्वस्थ भई केही सातापहिले नै घर फर्किसकेका छन् । स्वतन्त्र रुपमा चीनबाट आउने यात्रुहरुलाई विमानस्थलमा शरीरको तापक्रम जाँच गरिँदै आएको छ । सो क्रममा कसैमा कोरोनाको केही लक्षण देखिएमा थप परीक्षण गरिन्छ । समग्रमा चीनबाट आउने सबैलाई स्वास्थ्य निगरानीमा राखिने प्रवक्ता श्रेष्ठले जानकारी दिए ।

### गीतालाई...

पनि गन्ती गरिन्थ्यो। तर मेरो प्रवेश भएसँगै सुधारका कार्यक्रमहरूले विभागको सार्वजनिक छवि उज्यालो बनाउन धेरै हदसम्म सफल भएजस्तो अनुभूत हुन्छ । यसका लागि म विभागका कर्मचारी साथीहरूप्रति आभारी छु ।'

डा. भुसाल वीरगञ्ज उपमहानगरपालिकाको प्रमुख कार्यकारी अधिकृतबाट सरुवा भई गत चैतमा विभागको महानिर्देशकको जिम्मेवारीमा आएका थिए ।

जिम्मेवारी सम्हालेलगत्तै उनले वैदेशिक रोजगारीका श्रम स्वीकृतिको कामलाई अनलाइन प्रणालीमा प्रवेश गराउनेदेखि ठगी नियन्त्रण गर्न कामदार छनोट र एटेस्टेसन मोड्युलदेखि अनलाइनबाटै म्यानपावर व्यवसायीहरूले श्रम स्टीकर पाउनेसम्मको व्यवस्था मिलाएका थिए । १० दिनमा ३ सयभन्दा बढी म्यानपावरको मर्जरसँगै विभागमा रहेका पुराना उजुरी फछ्र्यौट, म्यानपावरको अनुगमन, वैदेशिक रोजगारीका ठगीका उजुरी, प्रहरी चौकीमा दर्ता गराउन नेपाल प्रहरीसँग संझौतालगायत आन्तरिक सुधारका धेरै काम अघि बढाए । १० महिने कार्यकालमा शुभलाभको विषय ठानिने नयाँ म्यानपावर कम्पनीको दर्तामा उनले एउटा पनि लाइसेन्स जारी गरेनन् ।

उनले विभागले लागू गरेको अनलाइन प्रणालीको सफलता आफ्नो प्रशासनिक क्यारियरको सफलता मापनको आधार हुने भन्दै त्यो जुनसुकै हालतमा सफल हुनुपर्ने बताए । सूचना प्रणालीमा वैदेशिक रोजगारीमा कामदार पठाउने म्यानपावर कम्पनीसहित विदेशस्थित नेपाली दूतावास, बैंक, बीमा कम्पनी, अध्यागमन विभागलगायत १८ वटा पक्ष आबद्ध रहेका छन् । त्यसमा परराष्ट्र मन्त्रालयअन्तर्गतका विदेशस्थित नियोगहरूको पूर्ण सहयोग नभएको गुनासो विभागको छ ।

निवर्तमान महानिर्देशक डा. भुसालले लोभ लालचबाट बचाउन कार्यालयको टेबुलमा भागवत् गीताको पुस्तक राख्ने गरेका थिए ।

नवनियुक्त महानिर्देशक दाहालले आफूले पनि निबर्तमान महानिर्देशकले जस्तै टेबुलमा गीता राखेको र सधैं गीताको सन्देश अवलम्वन गरी वैदेशिक रोजगार प्रशासनलाई अघि बढाउने बताए ।

वैदेशिक रोजगार मुलुकको अर्थतन्त्र र आमनागरिकसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषय भएकाले यसमा ढिलासुस्ती हुन नदिन आफू निरन्तर क्रियाशील रहने महानिर्देशक दाहालको भनाइ थियो ।

विद्युतीयकरण (डिजिटलाइजेसन) गर्न बाँकी रहेका सुधारका विभागीय कामलाई निरन्तरता दिने भन्दै महानिर्देशक दाहालले वैदेशिक रोजगारका नीतिगत र प्रशासनिक सुधारका कामलाई अघि बढाउन आफूले निवर्तमान महानिर्देशक डा. भुसालबाट निरन्तर सुझाव पाउने अपेक्षा राखेको बताए ।

महानिर्देशक दाहालले अन्य क्षेत्रको सुधारसँगै विभाग मातहत कर्मचारीहरूको जिम्मेवारीमा पनि आफूले निगरानी राख्ने बताए ।

### ताहाचल...

डा . भुलाललाई पछ्याउँदै आएको बताए । 'डाक्टर साबले बीरगंज उपमहानगरपालिका छोड्नु भए पछि म वीरगज गएँ,' बस्नेतले भने, उहाँ वीरगञ्जबाट वैदेशिक रोजगार विभाग आउनु भयो। उहाँले विभाग छोडेर जानु भएपछि म यता आएँ।'

## तीन उद्योग बन्द गर्न निर्देशन

काभ्रे/रासस- जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकले अनुमति नै नलिई सञ्चालन गरिरहेका तीन उद्योगलाई बन्द गर्न निर्देशन दिएको छ । समन्वय समितिले गरेको अनुगमनका क्रममा मण्डनदेउपुर नगरपालिका-६ स्थित मेलम्ची बगरमा सञ्चालन गरेको मेलम्ची इन्द्रावती स्टोन, भुम्लु गाउँपालिका-७ मा सञ्चालनमा रहेको वीर वि एण्ड सन्स र वडा नं. १० मा रहेको मञ्जुश्री मल्टिप्रपोज प्रालिलाई बन्द गर्न निर्देश दिएको जिल्ला समन्वय समितिका प्रमुख उद्धव केसीले बताए । मेलम्ची बगरमा कुनै पनि उद्योगलाई आर्थिक वर्ष २०७६/०७७ मा नदीजन्य पदार्थ संकलन तथा उत्खनन गर्न अनुमति नदिएको भए पनि मेलम्ची इन्द्रावती स्टोनले निरन्तर रुपमा मेलम्ची बगर क्षेत्रमा बालुवा, गिट्टी बिक्री वितरण गरेको पाइएको समन्वय प्रमुख केसीले बताए । उनले गत आर्थिक वर्षमा गरेको कामको समेत अत्यावधिक विवरण उपलब्ध गराउन नसकेको भन्दै सोको बारेमा यथार्थ छानबिन गरी आवश्यक कारवाही गरी जिल्लास्तरीय अनुगमन समितिलाई जानकारी दिन सम्बन्धित नगरपालिकालाई अनुरोध गरेको समेत बताए ।

त्यस्तै वीर वी एण्ड सन्स र मञ्जुश्री मल्टिप्रपोज प्रालिले बालुवा प्रशोधन अनुमति लिएर क्रसर नै सञ्चालन गरिरहेको पाइएकाले उद्योग दर्ता अनुमति लिँदाको उद्देश्यभन्दा फरक कार्य गरेको भन्दै क्रसर उद्योग बन्द गर्न निर्देशन दिएको छ तर त्यसरी निर्देशन दिएको भए पनि धेरेजसो उद्योगहरु निर्देशनको अवज्ञा गर्दै सञ्चालन भइरहेको छ ।

जिल्लाभित्र सञ्चालन गरिएका नदीजन्य पदार्थ सङ्कलन र उद्योग तथा खानीजन्य उद्योग, क्रसर (ढुङ्गा, गिट्टी, बालुवा) उद्योगको अनुगमन औपचारिकता मात्रै समिति भएको छ । अनुगमन गरिएको समितिमा कारवाही गर्ने अधिकार नहुनु र त्यसको लागि माथिल्लो तहमा प्रतिवेदन पठाउने गरेको भए पनि त्यसको कारवाही प्रक्रियामा कार्यान्वयन नहुने भएपछि औपचारिकतामा मात्रै समिति बनेको हो ।


**भूल सुधार**

मिति २०७६/११/०७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदीमा रोजगार शिर्षक, कम्पनी: Sara International Trading And Contracting Company, LT. No.: 231922 र चलानी नं: ६०१५०६४२ को विज्ञापनमा पूर्व स्वीकृत मिति: २०७६/१०/१३ हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

अरनिको ओभरसिज प्रा. लि.
कुपण्डोल, ललितपुर, फोन: ५५५५३६५

**कतारमा रोजगारको अवसर** | कम्पनी : MOONBEAM ENTERPRISES.. शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/१०/२० चलानी नं.: ६०१५१०५० LT. No.: 231453 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५३,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electric Tech | 1 | 0 | | 1100 | ३४,४९५ | | | | | | | |
| 3. | Plumber | 1 | 0 | | 1100 | ३४,४९५ | | | | | | | |
| 4. | Labourer | 5 | 0 | | 900 | २८,२२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन १५ गते (27 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Future Link International Pvt. Ltd.
FutureLink
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com

**कतारमा रोजगारको अवसर** | कम्पनी : BAIT AL THANAA HOSPITALITY. शहर : QATAR

पूर्व स्वीकृत मिति: २०७६/१०/०८ चलानी नं.: ६०१५०३४७ LT. No.: 230954 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laboure | 2 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gen.clean Worker | 3 | 0 | | 900 | २८,०९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १५ गते (27 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Dream & Guide System Pvt. Ltd.
श्रम इजाजत नं. ६११/०६३/०६४
Basundhara-3, Kathmandu, Nepal, Tel.: 01-4356478, 4355307, Fax : 01-4386871
Email: dreamguidesystem@gmail.com, website: www.dreamandguide.com

**Kuwait मा रोजगार** | कम्पनी: RECRUITMENT FOR GENERAL TRADING COMPANY W.L.L. शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०७६/१०/२३ चलानी नं.: ६०१५१३२२ L.T. No.: 232297 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales | 5 | 10 | स. काममा दक्ष | 120 | ४४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १५ गते (27 Feb. 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

STARIS HR SERVICES PVT. LTD.
(TRANS ASIA INTERNATIONAL PVT LTD)
श्रम इजाजत नं. १२२४/०७४/०७५
Samakhusi-26, Kathmandu, Tel.: 014365203, Mob.: 9847904617

# 'सरकारको समृद्धिको यात्रामा अवरोध गर्न खोजियो'

**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकको समृद्धिको यात्रामा अवरोध पुऱ्याउनेलाई परास्त गर्दै अघि बढ्ने अठोट व्यक्त गरेका छन् । विकास निर्माण, वैदेशिक लगानीजस्ता समृद्धिको महाअभियानमा अवरोध पुग्ने काम भइरहेको उल्लेख गर्दै उनले त्यस्ता अवरोधले समृद्धिको यात्रा नरोकिने स्पष्ट पारे ।



राष्ट्रपति विद्यादेवी भण्डारी सहभागी ७० औं राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा सैनिक मञ्च टुँडिखेलमा बुधबार आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले भने, 'मुलुक समृद्धिको दिशामा अघि बढिरहे पनि बाधा हाल्ने काम भइरहेका छन्, सरकारको विकासको यात्रामा अवरोधको प्रयास भए पनि त्यसलाई परास्त गरेर अघि बढ्छौं ।'

प्रधानमन्त्री ओलीले राष्ट्रको सम्पन्नताका लागि तय गर्नुपर्ने बाटो लामो भएको र त्यसतर्फ मुलुक यात्रारत रहेको बताए । उनले यात्राको थालनीलाई औचित्यहिन र अनावश्यक ठान्ने प्रवृत्तितर्फ सरकार सचेत रहेको बताए । संविधान जारी भएपछि आम निर्वाचनद्वारा बनेको सरकारले भर्खरै दुई वर्षे कार्यकाल पूरा गरेको स्मरण गर्दै प्रधानमन्त्री ओलीले गत वर्षलाई सरकारले राज्य सञ्चालनको आधार वर्षका रुपमा लिएको बताए ।

उनले अहिले नयाँ संविधानबमोजिमका राज्य संरचना निर्माण, संघीयता कार्यान्वयन, वित्तीय व्यवस्थापन, कानून र जनशक्ति समायोजन गरेर सरकार अघि बढेको प्रष्ट्याए । 'त्यही आधारमा टेकेर मुलुकलाई समृद्ध बनाउने अभियानमा लागेका छौँ, यस अवधिमा सुशासन र विकासका नतिजा आउन थालेका छन्, केही सम्पन्न गरेका छौं, केही निर्माणाधीन छन्, केही अगाडि बढ्दैछन्,' प्रधानमन्त्री ओलीले भने ।

विसं २००७ को आजलाई नेपालको इतिहासमा उज्यालो नयाँ युगको आरम्भको गौरवमय दिनका रुपमा स्मरण गर्दै उनले यस दिनको सम्झना र सम्मानमा सरकारले हरेक वर्ष प्रजातन्त्र दिवसका रुपमा मनाउँदै आएको उल्लेख गरे । उनले देशभित्र र देश बाहिर रहेका आम नेपालीलाई दिवसको अवसरमा शुभकामनासमेत व्यक्त गरे ।

वर्तमान समयमा मुलुक गरिबीबाट सम्पन्नतातर्फ, अविकासबाट विकासतर्फ र अव्व्यावस्थाबाट सुव्यावस्थातर्फ अगाडि बढिरहेको राज्यको यस अभियानको विजारोपण ७० वर्ष अघि भएकाले यसबीचको गरिमालाई बचाइराख्नका लागि औपचारिकताबाट माथि उठ्न आम नेपालीलाई आह्वान गरे ।

प्रजातन्त्रको हक अधिकार स्थापनाका लागि विगतमा भएको अनवरत संघर्षमा आफूलाई समाहित गर्ने वीरविरङ्गनाको स्मरण गर्दै प्रधानमन्त्री ओलीले विगतको प्रजातान्त्रिक आन्दोलनको गौरवमय इतिहासलाई कसैले विर्सन नहुनेमा जोड दिए ।

द्वन्द्व व्यवस्थापनमा नेपालले मौलिक विधि अपनाएर व्यवस्थापन गरेकाले अहिले मुलुक आर्थिक विकास र सामाजिक रुपान्तरणमा अघि बढेको प्रधानमन्त्रीको भनाइ छ । नेपाली समस्या आफैं हल गर्नसक्ने भनेर पहिचान दिलाएको नेपालले अन्तर्राष्ट्रिय जगत्मा पहिचान विस्तार गरेको र नेपालप्रति विश्वको ध्यानाकर्षण भएको प्रधानमन्त्रीको भनाइ थियो । उनले मुलुक प्रजातान्त्रिक अधिकारमार्फत देशको गरिमा बढाउने र समृद्धि गर्ने जनताको चाहना सफलतातर्फ अग्रसर भइरहेको छ ।

नयाँ मुलुकमा राज्य संरचना, नयाँ परिपाटी र नयाँ संविधानको अभ्यास गरिरहेको उल्लेख गर्दै उहाँले एउटा सरकारको ठाउँमा अर्को सरकार बनेजस्तो सहज नभएको बताए । उनले छोटो अवधिमा चिरकालदेखि देखिएको जनआकांक्षाको सम्बोधन गर्नुपर्ने चुनौती वर्तमानमा रहेकाले अहिलेको प्रणालीलाई संस्थागत र सुदृढ गर्दै समृद्धितर्फको यात्रा अगाडि बढाउर्ने आवश्यकता औँल्याए । उनले समृद्धिको अभियानका समयमा कतिपय पक्षबाट आइरहेको असन्तुष्टि, प्रणालीगत वदलाव, जनआकांक्षा र राज्यको संस्थागत आवश्यकतालाई केलाउनुपर्ने अबस्था रहेको बताए ।

विसं २००७ को परिवर्तनजस्तै आजको समय विकास र समृद्धिको युग हो भन्दै प्रधानमन्त्री ओलीले निरङ्कुशतन्त्र र अधिनायकवादलाई परास्त गरेर यहाँसम्म आइपुगे पनि बेरोजगारी र पछौटेपनको अबस्थाबाट मुलकुलाई बाहिर निकाल्नुपर्ने अभिभारा सरकारसामु रहेको बताए । 'विकासको नयाँ युगमा प्रवेश गराउन सरकार योजनाबद्ध रुपमा अघि बढेको छ, आर्थिक विकास र सामाजिक न्यायसहितको लोकतन्त्रलाई जनस्तरसम्म विस्तार एवं सुदृढ गर्ने दिशातर्फ अघि बढेका छौं,' उनले थपे ।

सन् २०२२ सम्ममा नेपाललाई अति कम विकसित मुलुकबाट स्तरोन्नति गर्ने र २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने अभियानमा सरकार रहेको बताए । यस लक्ष्य प्राप्त गर्नका लागि हामी हरेक क्षण सम्भावना र सामर्थ्यको सदुपयोग गरिरहेको प्रधानमन्त्रीको भनाइ थियो । यस यात्राबाट नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउने आकाँक्षा पूरा हुने उनले विश्वास व्यक्त गरे । यतिखेर सरकार आर्थिक एवं सामाजिक रुपान्तरणको कार्यभार कार्यान्वयनमा केन्द्रित रहेको भन्दै उनले समृद्धि प्राप्तिको यो अभियानमा मित्रराष्ट्रको सहयोगको अपेक्षा गरे ।

उनले मुलुकलाई संविधान र कानूनअनुसार अघि बढाउने र लोकतान्त्रिक प्रणालीमा व्यवधान पुग्न नदिनेमा आम नेपालीलाई आश्वस्त पारे । राष्ट्र निर्माण, प्रजातन्त्र प्राप्ति, लोकतन्त्रका लागि गरेको लामो संघर्ष र इतिहासको परिघटनासम्बन्धीको ज्ञानलाई भावि पुस्ताले पनि अध्ययन गर्नुपर्नेमा उनले जोड दिए ।

उक्त समारोहमा राष्ट्रपति विद्यादेवी भण्डारीलाई नेपाली सेनाको एक टुकडीले सलामी अर्पण गरेको थियो । समारोहमा प्रधानन्यायाधिश चोलेन्द्र शमशेर जबरा, सभामुख अग्नि सापाकोटा, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनालगायत मन्त्रीगण, संवैधानिक निकायका प्रमुख, नेपाल सरकारका विशिष्ट कर्मचारीलगायतको सहभागिता थियो । सो क्रममा विभिन्न जातजातिका सांस्कृतिक झाँकीसमेत प्रदर्शन गरिएको थियो ।

## पलाँता गाउँपालिकाका अध्यक्षको घोषणा

# अब प्रत्येक घरको बीमा

**कर्ण कुमाल/मध्यान्ह**
कालिकोट ७ फागुन



कालिकोट जिल्लाको अत्यन्तै बिकट मानिने पलाँता गाउँपालिकाले विकास निर्माण र पलाँताको समृद्धिमा एकपछि अर्को गर्दै पाइला अगाडि चलिरहेको छ । संघीय संरचना अनुसार स्थानीय सरकार आएपछि जिल्लाको बिकट पलाँता भनेर चिनिने पलाँता गाउँपालिकाको मुहार फेरिँदै गएको छ । जिल्लाका ९ वटै पालिकाले विकास निर्माणका कार्यमा पहिलो प्रथामिकता सडकलाई दिने गरेका छन् । पलाँता गाउँपालिकाका स्थानीय तथा जनप्रतिनिधिहरु पनि नागरिकको समस्यालाई मध्यनजर गर्दै पलाँताको विकासका लागि प्रतिबद्ध भएर अघि बढेका छन् ।

यसैबीच पलाँता गाउँपालिकाका अध्यक्ष लक्ष्मण बहादुर बमले पलाँतामा रहेका २ हजार ८ सय घरधुरीहरुको बीमा गर्ने घोषणा गरेका छन् । उनले पलाँताको वडा नं १ खाडामा आगलागीबाट बिचल्ली भएका परिवारको अवस्थालाई मध्यनजर गर्दै अरु कुनै पनि ठाउँमा पलाँताले जस्तो दुःख देख्नु नपरोस् भनेर बीमा कार्यक्रम शुरु गरेको अध्यक्ष बमले बताए । पलाँता गाउँपालिकामा रहेका २ हजार ८ सय घरधुरीको बीमा गर्नका लागि गाउँपालिकाको कुनै पनि बजेट खर्च नगर्ने उनले बताए । उनले बीमाको लागि आवश्यक पर्ने बजेट आफुले व्यक्तिगत रुपमा लगानी गर्ने बताए ।

अध्यक्ष बमले आफु पलाँतामा राजनीति गर्न र राजनीतिक भविश्य निर्माण गर्न नभएर पलाँताको सेवा गर्नका लागि आफु गाउँपालिकाको अध्यक्ष बनेको बताए । उनले पलाँताको समृद्धिका लागि आफु लेबरको रुपमा काम गर्न समेत पछि नहट्ने बताए । पैसा कमाएर आरामको जिन्दगी जिउनका लागि अध्यक्ष बनेको नभई पलाँताको दुःख पीडालाई सम्झेर अध्यक्ष बनेको बमको भनाइ छ ।

उनले कुनै पनि अमानविय वा प्राकृतिक प्रकोपका कारण घरमा क्षति भयो भने क्षति अनुसार बीमा बापतको रकम पाउने बताए । पलाँताको विकास र समृद्धिका लागि आफुले गरेका कामहरु र चालेका पाइलाहरु पलाँताका नागरिकहरुको हक हित र अधिकारका लागि मात्र हुने उनले बताए । आफुले पलाँताको समृद्धिका लागि जनप्रतीनिधिको दायित्व निर्वाह गरेको उनको भनाइ छ । उनले आफु अध्यक्ष भएदेखि पलाँताको विकास निर्माण र समृद्धिका लागि ऋण बोकेको बताए । उनले भने, '२८ सय घरधुरीको बीमा गर्नका लागि गाउँपालिकाको बजेटको आवश्यक छैन । बरु म ऋण आफै बोक्छु, पलाँताका नागरिकहरुले दुःखको भार बोक्न नपरोस् ।' नागरिकहरुको दुःख पीडालाई आत्मसात् गर्दै पलाँताका २ हजार ८ सय घरधुरीको बीमा गर्ने कार्यक्रम ल्याएको अध्यक्ष बमले बताए ।

# पत्रकार महासंघ दोलखा शाखा आफ्नै भवनमा

**राजन बस्नेत/मध्यान्ह**
दोलखा, ७ फागुन

नेपाल पत्रकार महासंघ दोलखा जिल्ला शाखा आफ्नै भवनमा सरेको छ । महासंघले प्रजातान्त्र दिवसको अवसर पारेर बुधवार गृह प्रवेश कार्यक्रम आयोजना गरी दोलखा सदरमुकाम चरिकोट स्थित लामाचौर सामुदायिक वन परिसरमा बनेको नवनिर्मित भवनमा सरेको हो ।

हाल नव निर्मित भवनमा हल सहित आठ कोठा रहेका छन् । स्थानीय सरकार सहित विभिन्न संघ, संस्था, निकायहरुको सहयोगबाट निर्माण गरिएको भवनबाट कार्यालय सञ्चालन शुरु गरिएको महासंघ दोलखा जिल्ला शाखाका अध्यक्ष जीवन लामाले बताए । भवन निर्माणका लागि लामाचौर सामुदायिक वन उपभोक्ता समुहले जग्गा उपलब्ध गराएको थियो ।

सो अवसरमा नेपाल पत्रकार महासंघका पुर्व केन्द्रीय सदस्य चिरञ्जीवी मास्केले रिवन काटेर गृह प्रवेश गराएका थिए । भवन निर्माणका लागि ६० लाख भन्दा बढी खर्च भएको महासंघले जनाएको छ । हाल आम्दानी र खर्चको हिसाब मिलान नभएकाले छिट्टै एक कार्यक्रमको आयोजना गरी सम्पूर्ण खर्च सार्वजनिक गर्ने महासंघले जनाएको छ ।

महासंघको गृह प्रवेश कार्यक्रममा जिल्ला समन्वय समिति दोलखाका प्रमुख डबल पाण्डे, प्रमुख जिल्ला अधिकारी भिमाकान्त पौडेल, सञ्चारकर्मी, विभिन्न संघ संस्था तथा निकायका प्रमुख तथा प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो ।

# प्रहरीले गोली हानेर समात्यो फरार अभियुक्त

**रौतहट/मस-** रौतहटमा प्रहरीले गोली हानेर एकजनालाई पक्राउ गरेको छ । कर्तब्य ज्यान मुद्दा र अपहरणका एक दर्जन मुद्दा लागेका जनतान्त्रिक तराई मुक्ति मोर्चाका रौतहट जिल्ला इन्चार्ज अभय भनिने कामेश्वर पटेललाई गएराति प्रहरीले ४ राउन्ड गोली प्रहार गरी पक्राउ गरेको हो । रौतहटको चन्द्रनिगाहपुर गजलसहियाबाट कुर्मीलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । उनी रौतहट मौलापुरका भएको बताइएको छ । उनी भारतमा लुकेर बस्दै आएको र पछिल्लो समय नेपाल आएको सूराकीको आधारमा प्रहरीले निगरानी बढाएको थियो । पक्राउ गर्ने क्रममा प्रहरीमाथि नै गोली चलाएपछि प्रहरीले उनीमाथि जवाफी फायरिङ गरेको प्रहरीले जनाएको छ ।

प्रहरीले चलाएको दुईवटा गोली उनको खुट्टामा लागेको थियो । उनको अहिले स्थानीय अस्पताल उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ । उनको साथबाट कटुवा पेस्तोल १ थान र ५ राउन्ड गोलीसमेत बरामद भएको छ ।

# हातहतियार मुद्दाका तीन अभियुक्तलाई कैद

**तनहुँ/मस-** तनहुँको शुक्लागण्डकी नगरपालिका-२ नर्सरीबाट पेस्तोलसहित पक्राउ परेका चारमध्ये तीन जनालाई जिल्ला अदालत तनहुँले कैद फैसला गरेको छ । जिल्ला न्यायाधीश दुर्गाप्रसाद ढुङ्गेलको इजलासले सोही ठाउँ बस्ने नरेन्द्र गुरुङ, प्रेयेशु भन्ने बुडुजा पुनलाई जनही छ महिना कैद र रु पाँच हजार, विपीन पुनलाई तीन महिना कैद र रु चार हजार जरिवानाको फैसला भएको जिल्ला अदालतका श्रेस्तेदार सुदर्शन खनालले जानकारी दिए । सोही मुद्दामा पक्राउ परेका माहिला भन्ने अनुप घतानेले अदालतबाट सफाइ पाएका छन् ।

नर्सरीस्थित कालिका मन्दिर नजिकै गाँजा सेवन गरिरहेको अवस्थामा प्रहरीको गस्ती टोलीले उनीहरुलाई गत वैशाख २५ गते पक्राउ गरेको थियो । प्रहरीले उनीहरुको साथबाट एक थान कटुवा पेस्तोल र सय ग्राम गाँजासमेत बरामद गरेको थियो । निजहरुविरुद्ध बिनाइजाजत हातहतियारको कारोवार गरेको अभियोगमा गत जेठ १६ गते अदालतमा मुद्दा दायर भएको थियो ।

# भैंसी चोरेको आरोपमा पक्राउ

**स्याङ्जा/मस-** भैँसी चोरी गरेको आरोपमा प्रहरीले भिरकोट नगरपालिका-२ का २४ वर्षीय अजमत अलि र सोही ठाउँका २७ वर्षीय महमद अलिलाई पक्राउ गरेको छ । उनीहरुले ग१ज ५८४१ नंको जिपमा भैँसी र पाडी लिएर बयरघारीतर्फ जाँदैगर्दा सोधपुछका क्रममा भैँसी किनेको ठाउँ खुलाउन नसकेपछि मंगलबार पक्राउ गरिएको वडा प्रहरी कार्यालय वालिङले जनाएको छ ।

भिरकोट नगरपालिका- का तेजबहादुर केसीको दुई वर्षको पाडी र भिरकोट-२ की जमुना केसीको सात वर्षको लैनोभैंसी गोठबाटै हालै चोरी भएको थियो । पीडित किसानले गोठबाटै भैँसी हराएको उजुरी दिएपछि प्रहरीले खोजतलास थालेको थियो । यस क्रममा अलि द्वयलाई जिपसहित पक्राउ गरेको प्रहरीले जनाएको छ ।

तेजबहादुर केसी र जमुना केसीलाई भैँसी र पाडी देखाउँदा आफूहरुको भएको बताएको कार्यालयका प्रमुख प्रहरी निरीक्षक निरञ्जन घिमिरेले जानकारी दिए । चोरी कार्यमा संलग्नलाई जिल्ला अदालतमा म्याद थपी अनुसन्धान थालिएको जनाएको छ । चोरी गर्ने व्यक्तिलाई कडाभन्दा कडा कारवाही गर्नुपर्ने भन्दै सो नगरपालिकाका स्थानीय बासिन्दा वडा प्रहरी कार्यालय वालिङमा पुगेका थिए ।

तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम भर्नु मराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।
Get your skill for your future carrier

HK
Cleaners/House Keeping/ Laundry man, Room boy
KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
स्वदेशमै होस कि विदेशमा
स्वरोजगार वा वैदेशिक रोजगार
तपाई सीप सिक्नुहोस्
अवसर र उपाय हामी खोजी दिन्छौं ।
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.

G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# कूटनैतिक मर्यादाको प्रश्न

चीन नेपालको अशल छिमेकी मुलुक मात्रै नभएर शान्ति र विकासका साझेदार देश पनि हो। उत्तरी सीमासँग जोडिएको चीनलाई नेपालले शान्त कुटनैतिक नीतिमा अडिग रहने देशका रूपमा लिदै आएको छ। एकअर्का देशको सार्वभौमतालाई सम्मान गर्ने दुवै देशको नीति रहेकाले चिनियाँ गतिविधिका कारण नेपालमा उति धेरै विवाद र आपत्ति देखिदैन। चीनसँगको सम्बन्धका बारेमा नेपालका सवैजसो दलहरू एक ठाउँमा उभिएका छन्। सधैं संस्थापनसँग सम्बन्ध कायम गर्ने चिनियाँ नीतिकै कारण हरेकजसो नेपालका प्रधानमन्त्रीले दृष्टिकोण समान देखिन्छन्। पछिल्लो चिनियाँ महात्वाकांक्षी परियोजना रोड एण्ड बेल्ट इनिसियटिभ (बीआईआर) बारे नेपालका सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा), प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस लगायत दलहरूको धारणा एउटै देखिन्छ।

कुटनैतिक सम्बन्धमा प्रष्ट रहने, अर्का मुलुकको सार्वभौमता र संविधानको सम्मान गर्ने नीतिकै कारण चीनका राजदूत नेपालमा विवाद रहित देखिदै आएका छन्। जबकी, दक्षिणी छिमेक भारतका राजदूत सधैं नेपालमा विवादित रहने गरेका छन्। किनभने, नेपालको राज्य संयन्त्रको सूक्ष्म व्यवस्थापनसम्मै हस्तक्षेपको नीति लिने गरेको भन्दै भारतीय दूतावास र राजदूतलाई हेर्ने दृष्टिकोण नेपालमा नकारात्मक रहने गरेको देखिन्छ। हुन पनि भारतीय दूतावास नेपालको राजनीतिको शक्ति केन्द्र बन्ने मनसायबाट मुक्त हुन सकेको देखिदैन। सरकार फेर्ने, अस्थीरता निम्त्याउने, राज्य संयन्त्रका अंगहरूमा आफूले चाहेको व्यक्तिलाई देख्न चाहनेगरी भारतीय दूतावासबाट गतिविधि चल्दा नेपालको नागरिक तहमै भारतीय दूतावासलाई हेर्ने दृष्टिकोण राम्रो बन्न सकेको छैन।

तर, यसपटक भने चिनियाँ राजदूतको गतिविधिका कारण नेपाल पत्रकार महासँघले आपत्ति जनाउने अवस्था सिर्जना भएको छ। नेपालको कुनै मिडियाले प्रकाशन गरेको सामग्रीको आधारमा दूतावासबाट बक्तव्य जारी गरिनुले कुटनैतिक मर्यादा माथि प्रश्न उठेको महासँघको बुझाइ छ। महासँघले यस्ता कार्यलाई सच्याउन र कुटनैतिक सम्बन्ध माथि प्रश्न उठ्न दिन नहुने माग समेत राखेको छ। अर्थात्, यसपटक चिनियाँ दूताबास विवादित बन्न पुगेको छ। नेपालको कुनै मिडियालाई चीन विरोधी गोटीका रूपमा चित्रित गर्ने कार्य भएकाले महासँघको आपत्ति स्वभाविक छ। यसले नेपालको सार्वभौमतामाथि समेत प्रश्न खडा गरेको छ। किनभने, यदि संहिता बिपरीत नेपालका कुनै मिडिया हाउस चलेमा त्यसका लागि नियमन गर्ने निकाय प्रेस काउन्सिल विद्यमान छ। यस्तो अवस्थामा सिधैं दूतावासबाट बक्तव्य आउनुले स्वयम् दूतावासतर्फ नै प्रश्न उठेको छ। यसलाई सच्याउनु नै दूतावासको विवेकपूर्ण निर्णय हुनेछ।

## सामाजिक सञ्जाल



हाम्रा प्रधानमन्त्री संसदको रोष्टममा १ घन्टा उभिएर मपाईंत्व छाँट्छन, भोलिपल्ट सामान्य योजना शिलान्यास र उद्घाटन गर्न गृहनगर पुग्छन् र पर्सिपल्ट पत्रकारलाई गाली गर्छन् अनि त्यसको अर्को दिन आफैं थला पर्छन्।

- विपेन्द्र कार्की



केटाकेटीमा छोइछोइ खेल्दा एउटा डुमले सबैलाई छोएर आउट बनाउने खेल सबैले खेलेको हुनुपर्छ। अहिले आएर यो 'डुम' को सट्टा अर्को शब्द प्रयोग गर्नुपरे कुन शब्द उपयुक्त हुन्छ होला ?

– सिवानीसिंह थारू



दुखैले त हो आफैंलाई निखार्न सकिने, दुखैले हो आफैंलाई तिखार्न सकिने। दुःखहरू छन् र त सुखको पनि मूल्य छ। सधैं हाँस्दा त हाँसोको पनि स्वाद हुन्न। सधैं रमाउँदा त रमाइलोको पनि मजा हुन्न। सधैंभरिको एकनासको खुसीमा त मान्छे खुसी भइरहन पनि सक्दैन।

– सुविन भट्टराई



अनि आफू सधैं विदेश भ्रमणमा गएको छु भन्दैमा अरूले पनि आफ्नो देश भ्रमण गर्नै पर्छ भन्ने हो र भन्या, यसो समय परिवेशबारे पनि जानकारि नभएको त हैन होला ?

– रेग्मी जी



सत्य र झुट छुट्याउने जिम्मा हाम्रो होइन, तर यत्ति बुझौं जे हुन्छ त्यो सत्य हो बाँकि सबै भ्रम हुन्।

– मानुषी

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला। समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं। कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# प्रधानमन्त्रीकै सामुन्ने भ्रष्टाचार



■ पूर्ण ओली

"
कमजोर र गरीब राष्ट्रलाई पैसा र शक्तिको माध्यमबाट दबाबमा निर्णय गर्न बाध्य पार्ने अमेरिकाजस्तो शक्ति राष्ट्रले धेरै राष्ट्रलाई अप्ठ्यारोमा पारेका घटनाहरू एकपटक अध्यन गर्नैपर्ने देखिन्छ।



नेकपा सरकारले जनताले सोचेजस्तो कार्य गर्न नसके पनि विकासका पूर्वाधारहरु निर्माण भइरहेका छन्। सडकहरु मापदण्डअनुसार गुणस्तरीय नबने पनि शहर तथा गाउँसम्म नयाँ सडक बन्ने र पिच हुने कार्यहरु भइरहेका छन्। ठूला विद्युत् आयोजनाहरु केही सम्पन्न हुँदैछन् भने कुनै निर्माणाधीन छन्। ठूला जहाजका लागि लुम्बिनी, पोखरामा निर्माणाधीन हवाई मैदानहरु अन्तिम चरणमा पुगेका छन् भने नेपाली जनताले धेरै समयदेखि आसा गरिरहेको निजगढ एयरपोर्ट सकेसम्म सबै बाधाव्यवधान हटाएर निर्माण गरिने पर्यटनमन्त्रीले बारम्बार भनिरहेका छन्। चीनतर्फको पारवहन सन्धि तथा सम्झौताका कार्यान्वयन अघि बढ्दैछ।

कमजोर स्वास्थ्यको बाबजुद प्रधानमन्त्री केपी शर्मा ओलीमा भएको जोशजाँगरले अझै पनि नेपाली जनतामा उनीप्रति बढी नै आशावादी देखिन्छन्। तैपनि धेरै बुद्धिजिवीलगायत नेपाली जनता अहिलेको सरकारप्रति खुसी छैनन्। नेपाली जनताले नचाहेको धर्म निरपेक्षता लादिनु र क्रिश्चियानिटीको प्रचारप्रसार तीव्र गतिमा बढ्नु सरकारप्रतिको निराशाको एक प्रमुख कारण हो। पूर्व प्रधानमन्त्री माधव नेपालको सक्रिय संयोजकत्वमा युनिभर्सल पिस फेडरेसनको नाममा क्रिश्चियानिटीको प्रचारमा दीक्षा ग्रहण गर्ने कार्यमा होलीवाइन पिएपछि प्रधानमन्त्रीको लोकप्रियता स्वात्तै घटेर गयो। भविष्यमा प्रधानमन्त्रीको दाबी गर्ने तथा सधैं सत्ताको वरिपरि रहन चाहने प्रचण्डको अस्थीर र अबसरबादी सोचले नेपालले पाउनेभन्दा बढी गुमाउनु गर्छ।

आफूले एकपटक विश्वास गरेका मानिसको कुनै पनि सल्लाह ठिक या गलतभन्ने नछुट्टाई समर्थन गर्ने ठूलो कमजोरी भएका प्रधानमन्त्री केपी शर्मा ओलीले कतिपय जनघाती कार्यहरुमा पनि मौन सम्मति दिएको देखिन्छ। कालापानी लगायतका सीमानाको बिवाद टुंग्याउन भारतसँग प्रभावकारी रुपमा वार्ता समेत गर्न सकेको देखिँदैन। इपिजीको सुझाब त बेवारिसे नै भइसक्यो। गोकर्ण रिसोर्टलाई ज्यादै कम मूल्यमाआफ्ना व्यापारिक साझेदारलाई समयभन्दा अगाबै लामो अवधिको सम्झौता गरेर राष्ट्रलाई अर्बौंको घाटा पार्नेगरी लिजमा दिने कार्यबाट जनता झनै चिढिएका छन्।

प्रधानमन्त्रीका नजिकका मान्छे भनिएका केही चतुर मानिसहरुले पनि शक्तिको दुरुपयोग गरिरहेका छन्। कर्मचारीको पदोन्नति, न्यायाधीशलगायतको नियुक्तिमा प्रधानमन्त्रीका नजिकका मानिसहरुले विभिन्न व्यक्तिहरुबाट अनुचित लाभ लिएको हुनसक्छ। यस्ता बिषयमा प्रधानमन्त्रीको प्रत्यक्ष निगरानीमा रहेका राष्ट्रिय अनुसन्धान विभागलाई गोप्यरुपमा परिचालन गर्न सकिन्छ। सम्पति शुद्धीकरण विभागलाई अख्तियार अन्तर्गत राखेर कार्य गर्दा निकै हदसम्म निष्पक्ष हुनसक्छ। नत्र प्रधानमन्त्रीका सल्लाहकार र आसेपासेले यस्को दुरुपयोग गर्नसक्छन् किनकि उनीहरुलाई कारबाही गर्न हिम्मत कसैले राख्तैनन्। कतिपय उच्च तहमा पुगेर भ्रष्टाचारमा मुद्दा चलेका मानिसहरु बिशेष अदालतबाट सजिलै सफाइ पाइसकेपछि आफ्नो शक्तिको तुजुक देखाउँदै आफ्नो माथिल्लो निकायसँग राम्रो सम्पर्क रहेको कुरा खुलारुपमा भन्ने गरेका छन्। कारण भ्रष्टाचारीको हिम्मत बढ्दो छ। अर्थात सरकार आफ्नै कमजोरीका कारण या आफन्तनजिक सहयोगी या नाताभित्रका स्वार्थी समूहको कारणबाट जनताको नजरबाट गिर्दै गइरहेको तथ्य यथार्थ हो। सुशासन तथा भ्रष्टाचार नियन्त्रणको लागिअख्तियारले मात्र कारबाही गर्नुभन्दा सरकार आफैँले राम्रो उदाहरणका साथ मितव्ययिता प्रदर्शन गर्दै आर्थिक अनुशासनमा बाँधिएर नैतिकता प्रदर्शन गर्नुपर्छ।

अहिले तात्तातो बहस भइरहेको एमसिसी सम्झौताको कार्यान्वयनबाट धेरै बुद्धिजीवीहरु अब नेपाल ठूला राष्ट्रको खेल्ने मैदान हुनसक्छ भनी निकै डराइरहेका देखिन्छन्। कमजोर र गरीब राष्ट्रलाई पैसा र शक्तिको माध्यमबाट दबाबमा निर्णय गर्न बाध्य पार्ने अमेरिकाजस्तो शक्ति राष्ट्रले धेरै राष्ट्रलाई अप्ठ्यारोमा पारेका घटनाहरु एकपटक अध्यन गर्नैपर्ने देखिन्छ।

सरकारले किसानको मर्का फुकाउन सकेको देखिँदैन। अहिलेसम्म उखुका किसानले आफ्नो नगदेबालीको भुक्तानी पाउन सकेका छैनन्। तराईका जिल्लामा उत्पादित धान बिक्री भएको छैन तर आयात अत्यधिक बढेको छ। किसानको खेतमा पानी लगाउन बर्षाको पानी नै कुर्नुपर्छ। बेरोजगार युवाहरुले भनेको बेलामा ऋण र आवश्यक प्राविधिक सहयोग पाउन नसकेर बिदेश जाने युवाको बाढी अहिलेसम्म रोकिएको छैन। शहर तथा गाउँमा दक्ष तथा अदक्ष मजदुरको अभाव भएर प्राय सबैतिर भारतीय मजदुरकै बिगबिगी छ। यसतर्फ श्रम तथा रोजगार मन्त्रालय अनविज्ञ छ।

यो मन्त्रालयले स्वदेशका बेरोजगार युवाहरुलाई भन्दा खाडी मुलुकहरुमा भएका मजदुरहरुको हितको लागि मात्र काम गरेको देखिन्छ। यस्को मतलव बिदेशिएका युवाहरुको समस्या सहुलियत नहेर्नु भन्ने होइन तर उनीहरुलाई स्वदेश फर्काउने र स्वदेशका बेरोजगार युवाहरुलाई स्वरोजगार बनाउनेतर्फ गम्भीरताका साथ लाग्नुपर्ने बिर्सिएको भान हुन्छ।

पर्यटन वर्ष लागिसक्ता पनि उपत्यकाका सबै सडक बत्तीहरु (ट्राफिक लाइट) नबनेको देखेर गाडीवाल मात्र होइन, पैदलयात्री पनि वाक्कदिक्क भइसके।

